निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL




## निर्वाचन कार्यक्रमका लागि नागरिक शिक्षा प्रवर्द्धन स्रोत पुस्तिका

# निर्वाचनको महत्व

रातो रङ्गको - सबै भन्दा सजिलो
प्याजी रङ्गको - ठिकै (सजिलै)
निलो रङ्गको - अलि गाह्रो

यो किताब प्याजी तहको हो ।

<u>यो तहमा भएका किताबहरू :</u>

- निर्वाचनको महत्व
- मतदानको महत्व
- मतदाता नामावलीमा नाम दर्ता
- निर्वाचन र राजनीतिक दल
- समावेशी निर्वाचन र परिवर्तन
- निर्वाचन सम्वन्धी संवैधानिक व्यवस्था

निर्वाचन कार्यक्रमका लागि नागरिक शिक्षा प्रवर्द्धन स्रोत पुस्तिका

# निर्वाचनको महत्व

**प्रकाशक**

निर्वाचन आयोग, नेपाल, कान्तिपथ, काठमाण्डौ, नेपाल
फोन नं. :(९७७ -१) - ४२२८६६३/४२२५५८०
फ्याक्स: (९७७ -१) - ४२२९२२७/४२२५५८०
इमेल: info@election.gov.np
वेबसाइट : www.election.gov.np

© निर्वाचन आयोग, नेपाल
सर्वाधिकार सुरक्षित
प्रथम संस्करण : वि.सं. २०७६
ISBN: ९७८९९३७-७३८-०७-१

# विषय सूची


| विषय | पेज |
| --- | --- |
| निर्वाचनको महत्व | १ |
| छलफलका लागि प्रश्नहरू | १७ |

# निर्वाचनको महत्व

समाजिक क्षेत्रमा निकै व्यस्त कोपिला भाउजु । अहिले त झन नगरपालिकाको वडा अध्यक्ष हुनु हुन्छ । बिहान भरी टोलमा भइरहेको कामको जानकारी लिनुहुन्छ । दिनभर वडा कार्यालय र नगरपालिका तिर हुनुहुन्छ। साँझ तिर पनि टोल तिरै देखिनुहुन्छ। राजनीति नै गर्ने हो भने कोपिला जस्तै हुन सक्नु पर्नेरहेछ । तेरो मेरो पक्षपात पनि छैन । यो ऊ भेदभाव पनि छैन । सबैको सुख दु:खको साथी जस्तै हुनुहुन्छ कोपिला भाउजु। बिहान दूध डेरीसँगै रहेको चियापसलमा कोपिला भाउजुको बारेमा चर्चा चल्दै थियो ।

“वडा कार्यालयको आयोजनामा निर्वाचनका विषयमा छलफल कार्यक्रम राखिएको छ । समुदायको भावना बुझेर नै वडा अध्यक्षले यो कार्यक्रम वडा कार्यालयमा राख्न जोड गर्नु भएको रहेछ । निर्वाचनका बारेमा समुदाय जति धेरै जानकार हुन्छ, त्यति नै स्वच्छ, निष्पक्ष, स्वतन्त्र र विश्वसनीय निर्वाचन सम्भव हुन्छ ।”-गफकै सिलसिलामा सामुदायिक दुग्ध

सङ्कलन केन्द्रका सचिव विजयले आफ्नो कुरा भन्नुभयो ।




वडामा चहलपहल बढिरहेको छ । कार्यक्रमका लागि सहभागीहरू प्रायः आइसकेका छन् । वडा भित्रका सबै टोल र समूहको उपस्थिति देखिन्छ । छलफलको सहजीकरणका लागि जिल्ला निर्वाचन कार्यालयबाट सरला मिस आउनु भएको छ । उहाँले परिचय गराउँदै कार्यक्रम शुरु गर्नुभयो । "आज हामीले निर्वाचन के हो ? यो किन आवश्यक छ ? यसको महत्व के

छ ? निर्वाचन कसरी गरिन्छ ? भन्नेकुरा बुझाउन निर्वाचन शिक्षा कार्यक्रममा सहभागी भएका छौं । यो कार्यक्रमबाट तपाईंहरूले के सिक्ने आशा गर्नु भएको छ त ?" सरला मिसले सोध्नुभयो ।

"निर्वाचनका बारे केही सिक्न पाइने आशा गरेका छौं मिस"-आयआर्जन महिला समूहकी अध्यक्ष सर्मिलाले भन्नुभयो ।



निर्वाचन भनेको के हो त ? तपाईंहरूले जे बुझ्नु भएको छ त्यो भन्नुस् त ! सहजकर्ताले भन्नुभयो ।

“हामी धेरै पटक मतदान गर्न गएका छौं । हाम्रा प्रतिनिधि छानेका छौं । आफूलाई मनपरेको आफ्नो प्रतिनिधि छान्ने काम नै निर्वाचन होइन त मिस !”-सिर्जनाले भनिन् ।

हो, ठिक भन्नुभयो तपाईंले, निर्वाचन भनेको लोकमत बुझ्ने वैधानिक विधि हो । जनताको अभिमतलाई प्रतिनिधिको रुपमा रुपान्तरित गर्ने वैज्ञानिक तरिका नै निर्वाचन हो । यसलाई शासन प्रक्रियामा मतदाताको सहभागिताको माध्यम पनि भनिन्छ । मुख्यगरी दुई वा दुईभन्दा बढी उम्मेदवार वा दल मध्येबाट निर्वाचित गर्न पाउने वा मत जाहेर गरी प्रतिनिधि छनौट गर्न पाउने अधिकार नै निर्वाचन हो ।

“अब भन्नोस् त ! निर्वाचन कसले गराउँछ होला ?” सहजकर्ताले फेरि प्रश्न गर्नुभयो ।

“मिस, निर्वाचन त निर्वाचन आयोगले गराउने होइन र ?”-प्रमिलाले भनिन् ।




“हो ! ठीक भन्नुभयो, निर्वाचन आयोगले निर्वाचन गराउँछ। **नेपालको संविधानको धारा २४५ ले निर्वाचन आयोगको व्यवस्था गरेको छ।** संविधानकै धारा २४६ ले निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार पनि तोकिदिएको छ।

आयोगले राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यहरूको निर्वाचन सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने गर्दछ।

आयोगले निर्वाचन प्रयोजनका लागि मतदाता नामावली सङ्कलन गरी मतदाता नामावली तयार गर्ने र अध्यावधिक गर्ने काम पनि गर्छ।"-सहजकर्ताले भन्नुभयो ।

"निर्वाचन आयोगका कस्ता अधिकार हुन्छन् मिस ?" भगवतिको प्रश्न थियो ।

"यसैगरी राजनीतिक दल दर्ता गर्ने, उम्मेदवारको अयोग्यता सम्वन्धि निर्णय गर्ने, निर्वाचन पर्यवेक्षणको अनुमति दिने, निर्वाचन रद्द गर्ने जस्ता महत्वपूर्ण अधिकार आयोगलाई छ। " सहजकर्ताले भयो ।

निर्वाचन किन गर्नु परेको हो मिस ? बन्दनाले प्रश्न गरिन्

"विगतमा स्थानीय निर्वाचन नहुँदा के के भयो ? तपाईंहरू सबैलाई थाहा छ होइन र ? भन्नोस त !"

"किन नहुनु मिस ! हाम्रो गाउँको खानेपानीका लागि तीन पटक बजेट आयो भन्छन् । खानेपानीको काम भने केही भएन । अहिले स्थानीय तहको निर्वाचन भएको दोस्रो वर्ष मै हरेकका घरघरमा धाराबाट पानी झरेको छ।"- मोतिमायाँले भन्नुभयो ।



सहजकर्ताले थप्नुभयो- “निर्वाचनले राजनीतिक दललाई जनताप्रति जवाफदेही बनाउँछ । स्थानीय विवादहरू सहजरुपले समाधान गर्ने आधार तयार गर्छ । निर्वाचन भएमा लोकतन्त्रको रक्षा हुन्छ । महिला, पछाडि पारिएका समुदाय, अल्पसंख्यक, लोपोन्मुख जातिहरूले पनि नीतिनिर्माण तह र राज्य सञ्चालनमा सहभागी हुन पाउँछन् ।

“मूलतः जनताको हक एवं मानव अधिकारको संरक्षण, सम्बर्द्धन गर्न, व्यक्तिको राजनीतिक छनोटको अधिकार सुनिश्चित गर्न, लोकतन्त्रको संस्थागत विकास

गर्न, जनताप्रति उत्तरदायी र जवाफदेही सरकारको निर्माण गर्न, संसदमा मतदाताहरूको विचारधाराहरू प्रतिबिम्बित गर्न, बहुसंख्यक मतदाताहरूको इच्छा अनुसारको सरकार गठन गर्न, जनताको पक्षमा काम नगर्ने सरकारलाई फिर्ता बोलाई नयाँ सरकार गठन गर्न र सुशासन कायम गराउन निर्वाचन आवश्यक पर्दछ ।"-सहजकर्ताले थप स्पष्ट पार्नुभयो ।




"जनप्रतिनिधि आएपछि नगरपालिकाको सेवा सुविधामा पनि सहज भएको छ । कोपिला भाउजु हाम्रो वडा

अध्यक्ष हुनुहुन्छ । उहाँले त वडाको मुहार नै फेरिदिनु भएको छ । वडा कार्यालयमा मानिसको चहलपहल बढेको छ । निर्वाचन आउन लाग्यो भनेर हामीलाई आज निर्वाचन सम्बन्धी शिक्षा कार्यक्रम राख्नु भएको छ ।

निर्वाचन भन्ने कुरा त निकै महत्वपूर्ण रहेछ मिस ”- प्रतिमाले भन्नु भयो ।

“यति कुरा बुझे पछि अब भन्नोस् त ! निर्वाचनमा कस्ता उम्मेद्वार छान्नुपर्छ ?”

“निर्वाचनमा भोट दिंदा इमान्दार, नैतिकवान उम्मेद्वार छान्नु पर्दछ । हाम्रा प्रतिनिधि सामाजिक भावना भएको हुनु पर्दछ । अनावश्यक लोभ लालचमा नफस्ने, हक्की स्वभावको, निडर व्यक्ति हुनु पर्दछ मिस !” भावनाले भनिन् ।



“आवश्यक परेको बेला संकटमा पनि नआत्तिने । दृढ विश्वास भएको । सबैले पत्याउन सक्ने व्यक्तित्व भएको, कर्मठ व्यक्ति छान्नु पर्छ मिस ।”-सानुकान्छाको विचार थियो ।


सबैको विचार सुनिसकेपछि अन्तमा सहजकर्ताले भन्नुभयो-

“तपाईहरु सबैले जे देख्नु भयो, जे भोग्नु भएको छ, त्यही कुरा राख्नुभयो । **हाम्रा नभै राम्रा प्रतिनिधि छान्न सक्नु पर्छ ।** विगतमा निर्वाचन नहुँदा देश जनप्रतिनिधि विहीन जस्तै बन्यो । राजनीतिक अस्थिरता भएर विकासको काम सफल हुन सकेन । हाम्रो विकास वर्षौं पछाडि धकेलियो ।”

“तपाईंहरूलाई थाहै छ, निर्वाचन भन्नासाथ राजनीतिक दलको कुरा आइहाल्छ । त्यसैले दलका बारेमा जान्न बुझ्न जरुरी हुन्छ ।”-सहजकर्ताले भन्नुभयो ।

“निर्वाचनमा दुई वा दुईभन्दा बढी उम्मेदवार वा राजनीतिक दलका बीच कुनै पदका लागि प्रतिस्पर्धा हुन्छ । सोही अनुसार संविधानले समान राजनीतिक विचारधारा एवं कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले राजनीतिक काम कारबाही सञ्चालन गर्न राजनीतिक दल गठन गर्न सक्ने व्यवस्था गरेको छ । यसरी गठन गरिएको दल निर्वाचनमा भाग लिन निर्वाचन आयोगमा दर्ता हुनुपर्छ ।”

“निर्वाचनमा मत खरिद बिक्री हुन्छ भन्छन् मिस के होला ?” रीताले जिज्ञासा राखिन् ।



"हुनसक्छ ! निर्वाचनको बेला मतको लागि लोभलालच देखाउन सक्छन् । तर बुझ्नु पर्ने कुरा के हो भने, जसले मत प्राप्त गर्छ उसले शासन गर्छ, यदि हामीले लोभलालचमा परेर मत दियौं भने हाम्रो भविष्य बिग्रन्छ । विकास निर्माण, सेवा सुविधा सबैमा यसको असर पर्छ । हाम्रो भविष्य अन्धकार हुनपुग्छ ! होइन त ?" सहजकर्ताले भन्नुभयो ।



“त्यसैले हामी सचेत हुनुपर्छ, लोभलालचमा नपरौं । मत किन्न खोज्नेको विरुद्धमा निर्वाचन अधिकृतको कार्यालयमा उजुरी दिएर कारवाही गराउनु पर्छ ।” सहजकर्ताले रिताको जिज्ञासा पुरा गर्न फेरि भन्नुभयो ।

**“निर्वाचन कानुन भनेको के हो मिस ?”**- सुवर्णले प्रश्न राख्नुभयो

“निर्वाचनलाई व्यवस्थित रुपले सञ्चालन गर्न आवश्यक पर्ने सबै विधि विधानहरूको समग्र रुपनै निर्वाचन कानुन

हो । निर्वाचन कानुनले, निर्वाचन र लोकतन्त्रलाई गति प्रदान गर्छ । निर्वाचन प्रणालीका आधारमा निर्वाचन कानुन निर्माण गरिन्छ ।" सहजकर्ताले भन्नुभयो ।

**"उम्मेद्वार बन्न कस्तो योग्यता चाहिन्छ नि मिस ?"** नर्मदाले जिज्ञासा राख्नुभयो ।

"तीनवटा तह मध्ये जुन तहमा उम्मेद्वारी दिने हो सो तह क्षेत्र भित्रको मतदाता नामावलीमा नाम भएको हुनु पर्दछ । स्थानीय गाउँपालिका वा नगरपालिकाको लागि सोही क्षेत्र भित्र, प्रदेशका लागि आफ्नो प्रदेश भित्र र संघीय संसदका लागि नेपालको कुनै गाउँ वा नगरपालिकाको मतदाता नामावलीमा समावेश भएको नाम हुनुपर्छ ।" सहजकर्ताले प्रष्ट पार्नुभयो ।

"निर्वाचन कस्तो हुनुपर्दछ त मिस ?" सानुमायाले आफ्नो जिज्ञासा राख्नुभयो ।

"सानुमाया दिदीले राम्रो कुरा सोध्नुभयो । निर्वाचन **स्वतन्त्र, निष्पक्ष र विश्वसनीय हुनुपर्दछ। यहाँ स्वतन्त्रको अर्थ** मतदाताले निर्वाचनसम्बन्धी आफ्नो मताधिकार स्वतन्त्र र निर्वाध रुपमा प्रयोग गर्न पाउनुपर्छ  साथै सम्बन्धित उम्मेद्वार, मतदाता सबैले डर, त्रास

हिंसारहित अवस्थामा निर्वाचनमा सहभागी हुन पाउनुपर्छ । **निष्पक्ष निर्वाचन भन्नाले** कुनै आग्रह वा पूर्वाग्रहमा नलागी भएको निर्वाचनलाई जनाउँछ भने **विश्वसनीय निर्वाचन भन्नाले** सरोकारवालाहरूद्वारा स्वीकार गरिएको निर्वाचन हुनुपर्छ ।" सहजकर्ताले बुझाउनुभयो ।




अन्तमा, कार्यक्रमका बारेमा वडा अध्यक्षले भन्नुभयो- "आज हामीले निर्वाचनका बारेमा धेरै कुरा जान्ने बुझ्ने मौका पायौं । यस्तो निर्वाचन शिक्षाले पक्कै पनि भोलिका दिनमा मतदाता संख्या बढाउन, मतदान

प्रतिशत बृद्धि गर्न र योग्य उम्मेद्‌वारलाई मत दिन हामी सबैलाई सहयोग गर्नेछ भन्ने विश्वास लिएकी छु !” भन्दै वडा अध्यक्षले सरला मिस तथा सहभागी सबैलाई धन्यवाद दिंदै कार्यक्रम समापन गर्नुभयो ।

## छलफलका लागि प्रश्नहरू

१. निर्वाचनका विषयमा छलफल चलाउन कहाँबाट को आउँदै हुनुहुन्छ ?

२. निर्वाचनका बारेमा समुदाय जानकार भएमा के हुन्छ ?

३. निर्वाचन भनेको के हो र यो किन चाहिन्छ ?

४. निर्वाचनको महत्व के छ र यो कसरी गरिन्छ ?

५. निर्वाचन कसले गराउँछ ?

६. नेपालको संविधानको धारा २४५ ले के व्यवस्था गरेको छ ?

७. निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार के के हुन् ?

८. निर्वाचनमा कस्ता उम्मेद्वार छान्नुपर्छ ?

९. निर्वाचनको बेला लोभलालचमा परेर मत दियौं भने के हुन्छ ?

१०. निर्वाचन कानुन भनेको के हो ?

११. उम्मेद्वार बन्न कस्तो योग्यता चाहिन्छ ?

१२. निर्वाचन कस्तो हुनुपर्दछ ?

# सहयोगी

Educational Resource And Development Center Nepal 2061

UNESCO
United Nations
Educational, Scientific and
Cultural Organization
संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

Sustainable
Development
Goals
दिगो विकास लक्ष्यहरू

Kathmandu Office

ESP is supported by

European
Union

UNDP
Empowered lives.
Resilient nations.

*यो पुस्तक युरोपियन युनियन र युएनडीपीको आर्थिक सहयोगमा प्रकाशन गरिएको हो । यस पुस्तकमा उल्लेखित विषयहरुले दातृमुलुक तथा दातृनिकायहरुको प्रतिनिधित्व गर्दैनन् ।*